# स्थानीय राजपत्र

**केराबारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ३, संख्या ४, २२ माघ, २०७६**

**भाग-२**

# केराबारी गाउँपालिकाको सिंचाइ साझेदारी कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७६

**प्रमाणित मितिः२०७६।१०।२२**

**१. पृष्ठभूमिः** आय आर्जनको माध्यमबाट गरीवी निवारणमा टेवा पुर्‍याउने उद्देश्य राखी कृषकहरुको वास्तविक आवश्यकतामा आधारित, स्थानिय तहमा कार्यान्वयन हुन सक्ने सामूहिक उपभोगका स-साना सतह सिंचाई प्रणाली संरचनाहरु, वर्षातको पानी जम्मा गर्ने पानी

पोखरीहरु,प्लाष्टीक पोखरी, थोपा सिचाई निर्माण पानी तान्ने विभिन्न साधनहरु (जस्तै : ढिक्की पम्प, मोनोब्लक (Mono Block) पम्पसेट, पवन पम्प, हाइड्रोलिक र्‍याम, साइकल पम्प, पर्सियन व्हील, गियर पम्प, डुण, स्वीङ्गिङ्ग बास्केट आदि) को निर्माण तथा मर्मत सम्भारको साथै आधुनिक सिंचाई पानी उपयोग प्रविधिहरु (जस्तै : सर्फेस, सव-सर्फेस, माइक्रो, स्प्रिङ्कलर आदि) को विकास, निर्माण, सञ्चालन एवं मर्मत सम्भार र प्राकृतिक वा अन्य कारणबाट क्षति भएको सिंचाई संरचनाहरुको तत्काल स्थायी वा अस्थायी मर्मत गरी कुलोमा पानी सञ्चालन गर्न एक स्कीम मा अधिकतम रु.५,००,०००।-(पाँच लाख) सम्म ठुला थोपा सिचाई कार्यक्रम लागी बढिमा रु.१,००,०००।-( एक लाख) सम्मको अनुदान, साना ग्राभिटि थोपा सिचाईलाई पुर्ण अनुदान साथै आम्सीक अनुदान र प्लाष्टीक पोखरीको लागी बढिमा रु.३५,०००।- अनुदान सहयोग दिई कृषक वर्गमा राहत पुर्‍याउने उत्पादन तथा उत्पादकत्व बढाउने दृष्टिकोणले यो सिंचाई साझेदारी कार्यक्रम कार्यान्वयनमा ल्याईएको छ । खाद्य सुरक्षा एवं आय आर्जनको पृष्ठभूमिमा सञ्चालन गरिने यो कार्यक्रम कृषक सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहहरु/ कृषि उधमी तथा फर्ममा केन्द्रित रहेर मात्र कार्यान्वयन गरिनेछ ।

**२. परिभाषा यस निर्देशिकामा** - २.१ सिंचाई साझेदारी कायर्क्रम भन्नाले पहाडमा बढीमा २५ हेक्टर र तराईमा बढीमा २०० हेक्टर सम्म (सिंचाई निति, २०६०) सिंचाई हुने गरी गाँउपालिका कृषि कार्यक्रमको तर्फबाट बढीमा रु.५,००,०००।- (पाँच लाख)सम्मको अनुदान सहयोग र उपभोक्ता समेतबाट इष्टिमेटको कम्तीमा १५ प्रतिशतको रकम नगद वा जिन्सी वा श्रमदान वा तिनै थरीको सहयोग योगदान स्वरुप उपलव्ध गराइ निर्माण गरिने स-साना अस्थायी बांध, पैनी, छेकवार, कुलोसुधार/संरक्षण, ह्यूम पाइप, पोलिथिन पाइप, पोखरी निर्माण, पम्प, ढिकी पम्प, ट्यांङ्की, इनार, **सौर्य पम्प सिचाई,** साना सचिाई आदी र उक्त निर्माणको लागि आवश्यक सामग्री तथा दक्ष ज्यामीहरुको ज्याला समेत कार्यक्रम अन्तर्गत खर्च गर्न सक्ने गरी तयार गरिने स-साना सिंचाईका स्किमलाई जनाउँदछ ।

२.२ ठुला थोपा सिचाई :- यस्तो सिचाईमा अनुदान का लागी कम्तीमा १० कठा क्षेत्रफलमा खेती गरेको वा गर्ने हुनुपर्ने छ ।

यस प्रणलीको लागी बढिमा रु.१,००,०००।-( एक लाख) सम्मको अनुदान र उपभोक्ता समेतबाट इष्टिमेट रकमको कम्तीमा २५ प्रतिशतको रकम नगद वा जिन्सी वा श्रमदान वा तिनै थरीको सहयोग योगदान स्वरुप उपलव्ध गराइ निर्माण गरिने वा तयारी गरिएको सानो ब्यास भएको प्लाष्टीक

पाईप“लाटेरल” मा समुचीत दुरीमा राखिएका डिपरले माटोमा बिरुवाको नजिकै कम मात्रामा पानि हाली गरिने पद्धतीलाई थोपा सिचाई जनाउदछ ।

२.३ साना ग्राभिटि थोपा सिचाई :- पुर्ण अनुदान साथै आम्सीक अनुदानमा ग्रामिण किसानहरुको लागी सानो आकारको जमिन २०० बर्ग मिटर सम्म क्षेत्रफलमा सिचाई गर्नसक्ने क्षमता भएको सिचाई प्रणाली लाई जनाउदछ ।

२.४ प्लाष्टीक पोखरी :- प्लाष्टीक पोखरी भन्नाले सिँचाई सुबिधा नपुगेको उच्च पहाडी, मध्य पहाडी तथा चुरे क्षेत्रममा बर्षादको पानी, खेर गईरहेको पानी सङ्कलन गर्न लाभाम्वीत बर्गको आर्थीक साझेदारी(उपभोक्ता बाट १५% लागत साझेदारी) बढिमा रु.३५,०००।- अनुदानमा प्लाष्टीक बिछयाई निर्माण गरिने पोखरीलाई जनाउदछ ।

२.५ सहकारी संस्था/उपभोक्ता संस्था वा समिति/कृषक समूह/कृषि फर्म भन्नाले मान्यता प्राप्त हुने गरी स्थापित सहकारी संस्था/उपभोक्ता संस्था वा समिति/साविक जिल्ला कृषि विकास कार्यालय/ सहकारी डिभिजन कार्यालय/केरावारी गाउँपालिका कृषि तथा सहकारी शाखा अन्तर्गत वा अन्य निकायवाट गठन एवं दर्ता भई कम्तीमा एक वर्षको अवधि पुरा गरेका,नविकरण

भएका, नियमित बैठक बस्नुका साथै समूह सञ्चालन पद्धति एवं प्रक्रियाहरु अनुसार सञ्चालन भैरहेका र कृषि विकासको लागि सकृय रुपले केरावारी गाउँपालिका कृषि तथा सहकारी शाखाको सम्पर्कमा रही क्रियाशील रहेका कृषक समूह/संस्था तथा फर्महरुलाई जनाउँदछ ।

३. **आयोजना छनौटका आधारहरू**:आयोजना छनौट गर्नु अगाडि देहायका आधारहरुलाई ध्यान दिनुपर्नेछ ।

३.१ आयोजना छनौट गर्ने सम्बन्धमा साविक /साविक जिल्ला कृषि विकास कार्यालय/ सहकारी डिभिजन कार्यालय/केरावारी गाउँपालिका कृषि तथा सहकारी शाखा अन्तर्गत वा अन्य निकायवाट गठन एवं दर्ता भई कम्तिमा एक वर्षको अवधि पुरा गरेका, नियमित बैठक बस्नुका साथै बिधिगत पद्धति एवं प्रक्रियाहरु अनुसार सञ्चालन भैरहेका र कृषि विकासको लागि सकृय रुपले केरावारी गाउँपालिका कृषि तथा सहकारी शाखाको सम्पर्कमा रही कृयाशील रहेका कृषक समूह/सहकारी एवं उपभोक्ता समिति तथा बिधिगत रुपमा दर्ता भएका कृषि फर्मको लागि मात्र आयोजना छनौट गर्नु पर्नेछ ।

३.२ सतह सिंचाई तथा पोखरी निर्माण गर्ने सन्दर्भमा सामूहिक सिंचाईलाई केन्द्रित गर्ने ।

३.३ थोपा सिचाई तथा प्लाष्टीक पोखरी जस्ता सिचाईका कार्यक्रम बिधिगत रुपमा दर्ता भएका कृषि फर्म साथै औचित्यका आधारमा दर्ता नभए पनी व्यावसायीक उन्मुख किसानहरु लाई दिन सकिने छ ।

३.४ जनसहभागिताको आधारमा स्थानीय श्रोतको बढी परिचालन गर्ने सक्षम उपभोक्ता समिति वा संस्था/कृषक समूहलाई केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्ने उद्देश्य अनरुप सहभागी संस्थाले कूल लागतको न्यूनतम १५-२५ प्रतिशत रकम नगद वा श्रमदान वा जिन्सी वा तीनै थरी गरी सहयोगको रुपमा लागत १५-२५% व्यहोर्नु पर्नेछ । सिचाईका नबिनतम प्रबिधिहरु प्रति किसानहरु लाई आकर्षीत गर्नु पर्ने कार्यक्रम भएमा पुर्ण अनुदानमा दिन सकिने छ ।

३.५ सामूहिक सिचांईका लागि जाली, पम्प आदि व्यवस्था गरी तत्कालिन सिंचाई व्यवस्था गर्ने ।

३.६ दलित, मुक्त कमैया, सामाजिक रुपमा पिछडिएका तथा विपन्न वर्गका समूहहरुको हितलाई विशेष प्राथामिकता दिईने छ ।

३.७ आयमूलक कृषि व्यावसायीकरण तर्फ उन्मुख गराउने कार्यक्रम सञ्चालन भएका स्थलहरुमा सिंचाई सुविधा पुऱ्याउने दृष्टिकोण राख्नुपर्ने ।

३.८ यथासम्भव निर्धारित पकेटहरुको उत्पादन कार्यक्रममा टेवा पुग्ने गरी आयोजनाको छनौट हुनुपर्ने ।

३.९ बाढी पहिरो आदिले क्षति पुऱ्याएका चालु सिंचाई कुलाहरुमा स-साना दूरीमा ह्यूम पाइप र पोलिथिन पाइप व्यवस्था गरी तत्कालिन सिंचाई समस्या समाधान गर्ने जस्ता सिचांई विकासका कार्यहरुलाई सहयोग पुऱ्याउने । यस्तो परिस्थतिका कारण क्षेति भएका आयोजना तथा निर्माण गर्नु पर्ने सिचाईका कार्य उपभोक्ता समिति गठन गरेर पनी संचालन गर्न सकिने छ। स्थानिय स्तरमा दर्तावाला संस्था नभएमा वा दर्तावाल संस्था संग उपभोक्ताको पहुच नभएमा उपभोक्ता समिति गठन भई सिचाई कार्यक्रमको लागी आबेदन हाल्न सक्ने छ ।

३.१० सहकारी संस्था/उपभोक्ता समिति/कृषक समूहहरु/ कृषि फर्महरु बाट कार्यक्रमको लागि जायज माग आउनुपर्ने र तिनको कार्यान्वयनमा अनिवार्य सहभागिता हुनुपर्ने । सिचाईका नबिनतम प्रबिधिहरु(थोपा सचिाई/स्प्रीङकल सिचाई) प्रति किसानहरु लाई आकर्षीत गर्नु पर्ने रु.६००० सम्मका कार्यक्रम भएमा पुर्ण अनुदानमा दिन सकिने छ ।

३.११ प्रतिकूल वातावरणीय असर न्यून पार्ने किसिमका आयोजनाहरुलाई प्रोत्साहित गर्ने ।

३.१२ सम्भव भएसम्म सिंचाई कार्यक्रम हेर्ने अन्य निकायहरुसंग समन्वय राखी अर्थात दोहोरो नपर्ने गरी कार्यक्रम सञ्चालन गर्ने । तर अन्य निकाय संग साझेदारी हुने गरी कार्यक्रम संचालन गर्न सक्ने छ ।

३.१३ छनौट भएका आयोजना सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्ने ।

३.१४ सिँचाई निर्माण आयोजनाका लागि कृषक सहकारी संस्था/उपभोक्ता समिति/कृषक समूहहरु छनौट गर्दा यस अघि कम्तीमा २ बर्ष सिचाई आयोजना संचालन नभएका कृषक सहकारी संस्था/उपभोक्ता समिति/कृषक समूहहरु छनौट गर्ने । बजेट अभावका कारण निर्माण अपुरो भएका तथा बिशेष परिस्थीती बाट पुन निर्माण गर्नु पर्ने भएमा पुन कार्यक्रम दिन कुनै बाधा पर्ने छैन ।

**४. संयोजक र निजको प्रमुख दायित्व** ४.१ सिंचाई साझेदारी कार्यक्रमको लागि केरावारी गाँउपालिका कृषि तथा सहकारी शाखाका प्रमूखलाई संयोजक तोकी जिम्मेवारी दिने वा निज नभएको खण्डमा कार्यालय प्रमुखले कुनै कृषि प्राविधिकलाई संयोजक तोकी जिम्मेवारी सुम्पिनु पर्नेछ ।

४.२ संयोजकले जिल्लाका गाउँपालिकाको विषय विशेषज्ञ, आर्थीक समिति तथा अनुगमन समितिको सहयोगमा निरीक्षण, अनुगमन जस्ता कार्यहरु गर्नु पर्नेछ ।

४.३ संयोजकले प्रत्येक आयोजना सम्बन्धी भए गरेका कार्यहरुको संक्षिप्त अभिलेख (Inventory) राख्नु पर्नेछ ।

**५. कार्यक्रम सञ्चालन प्रक्रिया** ५.१ सचूना प्रवाह - केरावारी गाँउपालिका कृषि तथा सहकारी शाखाले सिंचाई साझेदारी कार्यक्रम सञ्चालन गर्दा अपनाउनुपर्ने आधारहरु तथा कार्यविधि वारे सुचना संचार प्रबिधिका उपर्युक्त माध्याम बाट कम्तीमा ३० दिनको सूचना प्रवाह गराउनुपर्नेछ। उक्त समयमा पर्याप्त आवेदन नपरेमा पुन सुचना गर्नु पर्ने छ ।

५.२ निवेदन - उपर्युक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि सिंचाई आयोजनाको कार्यान्वयनको लागि सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फर्म बाट दर्ताको प्रमाण-पत्र सहित निवेदन/माग फाराम केरावारी गाँउपालिका कृषि तथा सहकारी शाखामा पेश गर्नु पर्नेछ ।

५.३ आयोजना (स्कीम) को मोटामोटी लागत र निवेदक संस्था/समूह/कृषि फर्मले व्यहोर्ने प्रतिशत समेत आफनो निवेदनमा खुलाउनुपर्नेछ ।

५.४ छनौट प्रक्रिया - केरावारी गाँउपालीकाले सुचना प्रकासीत गरी माग भई आएका निवेदनहरुको प्रारम्भिक छनौट गरी आर्थीक विकास समिति/गाउँपालिका कृषि विकास समितिबाट पारित

गराउनुपर्नेछ साथै यसरी पारीत भएका योजना गाँउ कार्यपालिका बाट अनुमोदन गराउनु पर्ने छ । यसरी पारित भएका आयोजना (स्कीम) हरुको लागत इष्टिमेट देहाय अनुसार हुनु पर्नेछ ।

(क) रु. ५०,०००।- भन्दा कम रकमको सामग्रीमात्र उपलव्ध गराउने स्कीमको सम्बन्धमा आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ६३ को उप नियम (१०) वमोजिम निवेदक संस्था/समूह र सम्बन्धित कृषि प्राविधिकले संयुक्त रुपमा आयोजनाको लागत तयार गरी स्वीकृतिको लागि केरावारी गाँउपालीका कार्यालय कृषि तथा सहकारी शाखामा पेश गर्नु पर्नेछ । स्वीकृति पश्चात केरावारी गाँउपालीका कार्यालय कृषि तथा सहकारी शाखाले उक्त सामग्रीहरु अनुदान स्वरुप हस्तान्तरण गर्न सक्नेछ। यस्ता सामग्रीहरुमा प्लाष्टीक पोखरीका लागी प्लाष्टीक , थोपा सिचाई सेट तथा सोका सामाग्री पाइप, पम्पसेट (स्यालो ट्यूववेल प्रयोजन वाहेक), निमार्ण सामग्री आदि लिन सकिनेछ । लागत सहभागीता नपर्ने कार्यक्रमको हकमा छनौट पस्चात **नियम अनुसार** सुचिकृत फर्म बाट खरिद गरी बितरण गर्न सक्ने छ ।

(ख) रु. १,५०,०००।- सम्म लागत लाग्ने सम्भावना भएका स्कीमको हकमा इरिगेशन इञ्जिनियरिङ विषयमा तालिम प्राप्त कृषि प्राविधिक/गाउँपालिकाका इञ्जिनियरले स्थलगत सर्भेक्षण गरी

लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि केरावारी गाँउपालीका कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ग) रु. १,५०,०००।- भन्दा वढी लागत लाग्ने सम्भावना भएका स्कीमको हकमा गाँउपालिकामा कार्यरतइन्जिनीयर/ओभरसियर/सव-ओभरसियरवाट स्थलगत सर्भेक्षण गरी लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि गाँउपालिकामा पेश गर्नुपर्नेछ। उक्त कार्यको लागि आवश्यक पर्ने दै.भ्र.भ.केरावारी गाउँपालिकाले व्यहोर्नु पर्नेछ ।

(घ) यी सवै किसिमका स्किमको लागत इष्टिमेटको स्वीकृति केरावारी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतवाट गर्नु पर्नेछ ।

५.५ लागत इष्टिमेट - लागत इष्टिमेट तयार गर्दा आवश्यकता अनुसार ईस्टिमेट अंकको ३ प्रतिशत कन्टिन्जेन्सी स्वरुप राखिनेछ रकम खर्च गर्दा नेपाल सरकारको प्रचलित आर्थिक ऐन नियम अनुसार गर्नु पर्नेछ ।

५.६ संशाधन परिचालन तथा कार्यान्वयन योजना - केरावारी गाँउपालीका कार्यालय/कृषि तथा सहकारी शाखाले सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/ फर्म/कृषक समूहको सहभागितामा कार्यान्वयन योजना तयार पार्नु पर्नेछ । आयोजना कार्यान्वयनमा सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह र केरावारी गाँउपालीका कार्यालय/ कृषि

विकास शाखाले आ-आफनो उत्तरदायित्व प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

५.७ इरिगेशन ईन्जिनियरिङ्ग तालिम - रु. १,५०,०००।- सम्मका स्कीमको लागि इष्टिमेट तयार गर्न सक्ने गरी क्षमता विकास गर्न नेपाल सरकारबाट मान्यता प्राप्त तालिम संस्था (कृषि तालिम केन्द्र, CTEVT र अन्तर्गतका प्राविधिक शिक्षालय आदि) बाट कृषिमा कार्यरत कृषि प्राविधिकहरुलाई कृषि इरिगेशन इन्जिनीयरिङ्ग विषयमा तालिम दिने ।

५.८ कार्य सञ्चालन - नेपाल सरकारको प्रचलित एने नियम वमोजिम केरावारी गाँउपालीका कार्यालय/ कृषि तथा सहकारी शाखाले अग्रसरता लिई सम्बन्धित सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कषृक समूहद्वारा पारदर्शिता अपनाई निर्माण कार्य गराउनु पर्नेछ। निर्माण सम्बन्धी प्रक्रियागत एवं व्यवस्थापकीय जिम्मेवारी केरावारी गाँउपालीका कार्यालय/ कृषि तथा सहकारी शाखाको रहनेछ ।

५.९ कार्य सम्पन्न प्रतिवेदन - डिजाइन, इष्टिमेट र सम्झौता अनुसार आयोजना (स्कीम) को कार्य पूर्ण रुपले सम्पन्न भई सञ्चालन भएको अवस्थामा तपसिल वमोजिम कार्य सम्पन्न प्रतिवेदन दिनु पर्नेछ ।

- निर्माण कार्य सुपरभिजन गर्ने वा फाइनल विल तयार गरी भुक्तानीको लागि पेश गर्ने वा सुपरभिजन गरी फाइनल विल तयार गर्ने प्राविधिकबाट आइटमवाइज कार्य सम्पन्न प्रतिवेदन तयार गरी सम्बन्धित  सहकारी संस्था/उपभोक्ता समिति /फर्म वा संस्था/कृषक समूहमा पेश गर्ने ।
- यसरी प्राप्त कार्य सम्पन्न प्रतिवेदन वारे सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह तथा सम्बन्धित कृषि विकाश शाखाबाट स्थलगत निरीक्षण गरी सन्तोषजनक रुपमा सम्पन्न भएको निर्माण कार्यको अन्तिम भुक्तानी र स्कीमको संचालन अवस्था वारे संस्था/समिति/समूहको वैठकबाट निर्णय गराई सम्बन्धीत वडा कार्यालयको सिफारिस सहित केरावारी  गाँउपालीका कार्यालय पेश गर्ने ।
- वैठकको निर्णय सहित कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि केरावारी गाँउपालीका कार्यालय/ कृषि विकास शाखाका संयोजकको सिफारिसमा केरावारी गाँउपालीका कार्यालयले साधारणतया १ एक) हप्ता भित्र फाइनल भुक्तानी दिने व्यवस्था गर्नेछ ।

- आयोजनाको प्रकृति अनुसार १-३ पटकमा भुक्तानी दिने । एकैपटक भुक्तानी दिनुपर्ने अवस्थामा कार्यसम्पादन प्रतिवेदन तयार पारी स्कीमको सञ्चालनको अवस्थाबारे संस्था/ समिति/ समूहको बैठकबाट निर्णय गराई संयोजकको सिफारिशमा भुक्तानी दिन सकिनेछ । १ पटक भन्दा बढी किस्तामा रकम भुक्तानी गराउनु पर्ने खण्डमा सम्झौता पत्रमा स्पष्ट खुलाउनु पर्नेछ।

- केरावारी गाँउपालीका कार्यालय/ कृषि तथा सहकारी शाखाले कार्यसम्पन्न भएका आयोजनाहरुको जानकारी यथा समय पालीकाको गाउँ कृषि  समितिमा गराउने र सम्बन्धित संस्था/समिति/समूहलाई कार्य सम्पन्नताको प्रमाण पत्र सहित आयोजना हस्तान्तरण गर्ने ।

**५.१० मर्मत/सम्भार** - आयोजना सम्पन्न भई हस्तान्तरण भैसकेपछि सोको मर्मत/सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/ कृषि फर्म/कृषक समूहको हुनेछ ।

**५.११ अनुगमन/सुपरिवेक्षण** - साना सिंचाई विशेष कार्यक्रमको अनुगमन तथा मूल्यांकन सम्बन्धित केरावारी गाँउपालीका

कार्यालय अनुगमन समिती/ कृषि तथा सहकारी शाखाको अतिरिक्त सम्बन्धित पालीकाको आर्थीक विकास समिति/गाउँ कार्यपालिका समिति, सम्बन्धित कृषि निर्देशनालय, कृषि ईन्जीनीयरिङ्ग निर्देशनालय र कृषि प्रसार निर्देशनालयबाट गरिनेछ । यस कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणका लागि यस गाँउपालिकाको अनुगमन तथा भ्रमण खर्च शिर्षक बाट भुक्तानी गर्न सकिनेछ ।

**५.१२ कृषि इन्जिनीयरिङ्ग निर्देशनालयको भूमिका** - कृषि इन्जिनीयरिङ्ग निर्देशनालयले सिंचाई कार्यक्रमका प्राविधिक अनुगमन सुपरिवेक्षणको साथै जिल्ला/नगर/गाउँपालिकाले विशेष किसिमको प्राविधिक सहयोग माग गरेको अवस्थामा सहयोग पुऱ्याउने ।

**६. प्रगति प्रतिवेदन**:प्रगति प्रतिवेदन तथा कार्य प्रगतिको मूल्यांकन देहाय वमोजिमको प्रतिशतमा समायोजन गरी प्रस्तुत गर्नु पर्नेछ -

- सूचना प्रकाशन, निवेदन संकलन, प्रारम्भिक सर्भेक्षण र प्राथमिकता निर्धारण - १०%
- आयोजना पहिचान, लागत ईस्टिमेट तयारी, आयोजना छनोट सम्झौता तथा कार्य आदेश - २०%
- कार्य निरीक्षण, कार्य सम्पादन निरीक्षण, कार्य सम्पादन प्रतिवेदन तथा भुक्तानी - ७०%

- साथै मासिक, चौमासिक तथा बार्षिक प्रतिवेदनहरु कृषि समिति तथा गाँउ कार्यपालिका तथा योजना शाखामा नियमित रुपले उपलव्ध गराउने ।

७. **कार्यतालिका**: केरावारी गाँउपालीका कार्यालय/कृषि तथा सहकारी शाखाले साना सिंचाई साझेदारी कार्यक्रम अन्तर्गतका आयोजनाको कार्यान्वयनको लागि एक कार्य तालिका निर्माण गरी यथासमय सम्पन्न गर्नु पर्नेछ ।

८. सिचाईका प्रविधि प्रदर्शन सम्बन्धमा - माथि उल्लेखित सिचाईका नविनतम प्रविधिहरु किसान समक्ष पुर्याउन कृषि तथा सहकारी शाखाले नविनतम प्रविधिहरुको प्रदर्शन सिचाई सम्बन्धी तालिम, अवलोकन ईत्यादी गराउनु पर्नु पर्ने छ । यस्ता प्रविधि प्रदर्शनहरु सवैले देख्ने ठाँउमा साथै स्वयम गाँउपालिकाले सम्पुर्ण खर्च ब्यहोर्ने गरी गर्नु पर्ने छ ।

**अनुसूची १**

# सिचाई साजेदारी कार्यक्रमको सहयोगको लागि दिनुपर्ने निवेदन

**विषय :** सिचाई साजेदारी( सिचाई कुलो निर्माण तथा मर्मत योजना सहयोगका लागी अनुरोध ।

श्रीमान् प्रमुख ज्यू,

केरावारी गाँउपालिका मोरङ मार्फत कृषि तथा सहकारी शाखा

केरावारी मोरङ

महोदय,

हामी निम्नलिखित निवेदन फाराम (क) मा हस्ताक्षर भएका व्यक्तिहरुबाट जिल्ला ................गा.पा/न.पा ..................... वडा नं. ....... मा अवस्थित ......................................................सिंचाई आयोजनाको लागि साना सिंचाई विशेष कार्यक्रमवाट सहयोग पाउँ भनि वर्तमान तथा सम्भावित उपभोक्ताहरुको तर्फवाट आयोजना कार्यान्वयनमा लाग्ने मोटामोटी वजेट र समूहको निर्णयको प्रतिलिपी सहितयो निवेदन दिएका छौं । हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनुपर्ने नीति र कार्यविधहरु सम्पूर्ण रुपमा वुझेका छौं र त्यसै अनुसार पूर्ण रुपमा सहमत छौं । यसका लागि आवश्यक निवेदन फारामहरु ( क), (ख) र (ग) सम्बन्धित कर्मचारीको मद्दतवाट भरी पेश गरेका छौं ।

<u>निवेदक</u>

जल उपभोक्ता समिति/कृषक समूह सहकारी/ कृषि फर्मको

अध्यक्ष/प्रतिनिधिको नाम :

हस्ताक्षर :

मिति :

संस्थाको छाप :

## निवेदन फाराम (क)

सतह सिंचाईको लागि निवेदन साथ संलग्न हुनुपर्ने निवेदन फाराम

| क.सं. | उपभोक्ता निवेदकहरुको नाम | वार्ड नं. | प्रतिनिधित्व गरेको क्षेत्र वा गाउँ | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |

निवेदन प्राप्त गर्ने कृषि विकास शाखा कर्मचारीको नाम :

दस्तखत :

मिति :

**द्रष्टव्यः उपरोक्त जल उपभोक्ता निवेदकहरु मध्ये शीर, मध्य र पुछारबाट प्रतिनिधित्व हुन पर्ने छ। एक परिवारबाट एक जना जग्गा धनीमात्र सदस्य रहने छ।**

## सिंचाई आयोजना सम्बन्धी आधारभूत जानकारी

१. आयोजना सम्बन्धी विवरण

१.१ प्रस्तावित आयोजनाको नाम

:..........................................................................

.

१.२ प्रस्तावित आयोजनाको किसिम : नयाँ, नविकरण सुधार वा अन्य खुलाउने ..............................

१.३ प्रस्तावित आयोजनाको ठेगाना :

जिल्ला.................नगर/गाउँपालिका ...................वडा नं.....

१.४ वर्तमान जल उपभोक्ताहरुको परिवार वा घरधुरी संख्या

:.............................................

१.५ थप सम्भाव्य परिवार वा घरधुरी संख्या

:..................................................................

२. समय र स्थान

२.१ आयोजना स्थल सम्म पुग्न

| बाट (ठाउँ) | सम्म (ठाउँ) | सम्भाव्य साधन (पैदल वा गाडी) | अनुमानित दुरी र समय | |
|---|---|---|---|---|
| | | | कि.मी | घण्टा/दिन |
| गाउँपालिका | आयोजना स्थल | | | |

२.२ आयोजनाको सिचाईको श्रोतबाट आयोजना स्थल सम्म पुग्न

| बाट (ठाउँ) | सम्म (ठाउँ) | सम्भाव्य साधन (पैदल वा गाडी) | अनुमानित दुरी र समय | |
|---|---|---|---|---|
| | | | कि.मी | घण्टा/दिन |
| सिचाँईको श्रोत | सिचाँई गर्ने खेतवारी | | | |

२.३ सिचाईको श्रोत प्रकारः नदी, खोला, खोल्सी वा अन्य

खुलाउने...............................................

२.४ सिचाँई श्रोतको

नामः............................................................................

२.५ श्रोतको स्वामित्वः निजि, सार्वजनिक वा अन्य

खुलाउने.......................................................

२.६ सिचाँई गर्ने स्थान वा गाउँको

नाम...............................................................................

३. प्रस्तावित कार्य वा आयोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको विवरण

| सि.नं. | जग्गा धनीको नाम | वडा नं. | परिवारमा सदस्य संख्या | | | कित्ता नं. | क्षेत्रफल ( रोपनी) | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |

जम्मा जग्गाको क्षेत्रफल . . . . . . . रोपनी । नोट : आवश्यकता अनुसार नपुग भएमा थप पाना प्रयोग गर्न सकिनेछ

४. **पुरानो सिंचाई आयोजना** भए सोको पृष्ठभूमि

| सि.नं. | आयोजनाको नाम | गरी सकेको कार्य बर्ष | रकमको श्रोत | रकम रु. | कार्यक्रमको नाम | कार्यान्वयन बिधि | हालको स्थिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |

५. पानीको श्रोत

| सि.नं. | श्रोतको नाम | किसिम | औसत जल प्रवाह लिटर/मिनेट | | |
|---|---|---|---|---|---|
| | | | बर्षे | हिउँदे | चैते |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

पानीको श्रोतः क. बर्ष भरी हुने ..................... ख. ६ महिना हुने ................. ग. बर्षामा मात्र हुने ............

नोट :- पानीको श्रोतको किसिम साल भरी पानी हुने वा वर्षामा मात्र हुने के कस्तो हो खुलाउनुपर्ने ।

६. आयोजना नजिकको अन्य प्रणालीहरु

६.१ प्रस्तावित आयोजनाको माथि तथा तल ५ कि.मि. को दुरीमा अन्य कुनै सिंचाई प्रणाली छ कि छैन :

छ/छैन .................

६.२ यदि छ भने

| माथि तिर | | | तल तिर | | |
|---|---|---|---|---|---|
| मुहान देखिको दुरी, कि.मि. | सिंचित क्षेत्र, रोपनी | घरधुरी संख्या | मुहान देखिको दुरी, कि.मि. | सिंचित क्षेत्र, रोपनी | घरधुरी संख्या |
| | | | | | |
| | | | | | |
| | | | | | |

६.३ पानीको बाँडफाँड सम्बन्धमा कुनै विवाद छ कि छैन ?

६.३.१ माथिल्लो प्रणालीसंग : छ/छैन .............

६.३.२ तल्लो प्रणालीसंग : छ/छैन .............

७. जल उपभोक्ता कृषकहरुको संगठन

७.१ जल उपभोक्ता कृषकहरुको संगठन : छ/छैन .............

यदि छ भने जिल्ला जलश्रोत समिति वा जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता भएको : छ/छैन ..........

उपभोक्ताहरुको संगठित हुन तयार छन कि छैनन् ? : छ/छैन ...........

निर्माणको विभिन्न चरणमा सहभागिता जुटाउन तयार छन कि छैनन् ? : छन्/छैनन् .............

७.३ नविकरण सुधार आयोजना हो ?..................

नविकरण सुधारभए हाल चालु अवस्थामा छ कि छैन? : छ/छैन

.............

७.४ यदि चालु छ भने हाल आयोजनाको सञ्चालन मर्मत सम्भार कसले गर्दै आएको छ ? चिनो लगाउनु होस्

७.४.१ जल उपभोक्ताहरु स्वयंद्वारा ( )

७.४.२ अन्य कुनै संस्थाद्वारा ( )

७.४.३ कुनै खास व्यवस्था वा प्रथा नभएको ( )

७.५ प्रस्तावित आयोजनाको निर्माण नविकरण सुधार भएपछि त्यसको सञ्चालन तथा मर्मत सम्भार गर्ने पूर्ण जिम्मेवारी लिन उपभोक्ताहरु तयार छन कि छैनन? : छन/छैनन् .............

८. नविकरण सुधार आयोजनाको संक्षिप्त विवरण

८.१ आधारभूत विवरण

८.१.१ हालको विवरण

- मूल नहरको हाल भैरहेको लम्वाई ..................कि.मी.
- शाखा नहरको हाल भैरहेको लम्वाई ................कि.मी.
- कुल सिंचित क्षेत्रफल....................................रोपनी

- संरचनाहरुको संख्या.......................................वटा
- वर्षे बाली लाग्नेक्षेत्रफल..................................रोपनी
- हिउँदे बाली लाग्ने क्षेत्रफल ...........................रोपनी
- चैते बाली लाग्ने क्षेत्रफल ..............................रोपनी

८.१.२ प्रस्तावित कार्यको विवरण

- विस्तार वा नयाँ थप्नु पर्ने मूल नहरको लम्बाई.................... कि.मी.
- विस्तार वा नयाँ थप्नु पर्ने शाखा नहरको लम्बाई................. कि.मी.
- विस्तार वा नयाँ थप्नु पर्ने सिंचित क्षेत्रफल.........................रोपनी
- विस्तार वा नयाँ थप्नु पर्ने संरचनाहरुको संख्या.................... वटा
- थप बर्षे बाली लाग्ने क्षेत्रफल...................................रोपनी
- थप हिंउदे बाली लाग्ने क्षेत्रफल................................रोपनी
- थप चैते बाली लाग्ने क्षेत्रफल...............................रोपनी

८.२ आधारभूत समस्या (विवरण छोटकरीमा उल्लेख गर्ने)

८.२.१ मुहान बाट पानी ल्याउँदा पर्ने समस्या :

८.२.२ मूल नहरमा पानी चुहिने समस्या :

८.२.३ मूल नहर भत्कने वा चुहिने समस्या :

८.२.४ स्थायी स्ट्रक्चर भए नभएकोः

८.२.५ सिंचाई व्यवस्थापनको लागि सेडहरु भए नभएको

८.२.६ नदी कटान पहिरो जाने :

८.२.७ अन्य समस्या :

८.३ सहयोगको आवश्यकता

८.३.१ मुहानमा नदी नियन्त्रण :

गर्नुपर्ने/नपर्ने............................

८.३.२ वांध वा इन्टेक निर्माण : गर्नुपर्ने/नपर्ने

.........................

८.३.३ मुल नहरको केही ठाउँ लाईनिङ्ग :

गर्नुपर्ने/नपर्ने..............................

८.३.४ खोल्सा तथा अन्य ठाउँमा स्थायी स्ट्रक्चर : बनाउनु पर्ने/नपर्ने..............................

८.३.५ मूल नहर : क्षमता वढाउने/लम्वाई वढाउने/ दुवै

.................................

८.३.६ शाखा नहर : नयाँ निर्माण गर्नुपर्ने / क्षमता वढाउने /लम्वाई वढाउने / सवै................

८.३.७ पानी वाँडफाँडका लागि आवश्यक संरचना : गर्नु पर्ने/नपर्ने .................................

८.४ जल उपभोक्ता कृषकहरु स्वयंले निर्माण गर्न नसक्नुका कारणहरु (चिन्ह लगाउनुहोला) :

८.४.१ ठूलो रकमको आवश्यकता पर्ने ( )

८.४.२ प्राविधिक सीप र ज्ञान नभएकोले ( )

८.४.३ धेरै पटक विग्रे भत्केकोले स्थायी समाधान खोजेको ( )

८.४.४ जल उपभोक्ताहरुमा संगठनात्मक स्वरुप नभएको ( )

८.४.५ संगठन भएतापनि सक्रियता नभएको ( )

८.४.६ धेरै पटक कोशिस गरेर असफल भएको ( )

९. जल उपभोक्ता कृषकहरुको अग्रसरता आयोजनाको कार्यमा लाग्ने कुल खर्चमा निम्न अनुरुप सहभागिता व्यहोरिने :

९.१ रकममा . . . . . . प्रतिशत

९.२ श्रमदानमा . . . . . प्रतिशत

९.३ जिन्सीमा . . . . . प्रतिशत

निवेदन फाराम (ग)

इनार/पम्पसेट निर्माणको लागि

१. सार्वजनिक स्थानमा इनार/पम्पसेट सिंचाई योजनाको हकमा इनार खन्ने वा पम्पसेट गाडने समस्या : छ / छैन

२. इनार खन्ने वा पम्पसेट गाडने जग्गाको इच्छापत्र वा लालपुर्जाको प्रतिलिपि : छ / छैन

३. पम्पसेट गाडेको स्थानवाट पानी वितरण गर्ने खेतवारीका ेऔसत दुरी : ................. कि.मी.

४. पम्पसेट वा इनारबाट सिंचित हुने क्षेत्रफल : ................. हेक्टर

५. पम्पसेटको रेखदेखको लागि सेड हाउस : वनाउनु पर्ने/नपर्ने

६. पम्पसेट मर्मत/सम्भारको लागि समूहको हितकोष रकम : मौज्दात छ / छैन

## अनुसुची २

## लागत इष्टिमेट अनुसार उपभोक्ता तथा केरावारी गाँउपालीका कार्यालय सम्पन्न गर्ने कार्यको बाँडफाटँ

| केरावारी गाँउपालीका कार्यालयले गर्ने कार्यहरु | | | | उपभोक्ता समूहले गर्नुपर्ने कार्यहरु | | | |
|---|---|---|---|---|---|---|---|
| आइटम नं | आइटमको विवरण | परिमाण | मूल्य | आइटम नं | आइटमको विवरण | परिमाण | मूल्य |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |
| प्रतिशत खर्च | | | | | | | |

कार्य सम्पन्न गर्ने मिति :

अनुसुची २

कृषि विकास कार्यक्रम आवेदन फर्म (प्लाष्टिक पोखरी निर्माण, थोपा सिचाई)

मिति : .................

श्रीमान कार्यालय प्रमुख ज्यू

केरावारी गाँउपालिका मार्फत

कृषि तथा सहकारी शाखा केरावारी मोरङ

विषय : प्रस्ताव पेश गरिएको बारे ।

प्रस्तुत विषयमा केरावारी गाँउपालीका कृषि तथा सहकारी शाखा को मिति ..........................को.................................................. प्रकाशित सूचना मुताविक म/हामी निवेदकले लागत साझेदारीमा कार्यक्रम सञ्चाालन गर्न ईच्छुक भई आवश्यक कार्वाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदकको

दस्तखतः

मिति :

सम्पर्क नं.

संस्थाको नाम :

स्थायी ठेगाना :

प्रस्तावित कार्यक्रमको नाम :

कार्यक्रम संचालन हुने स्थानको पुरा ठेगाना :

लाभाम्वीत जनसङ्ख्या :

संलग्न कागजातहरुको सूची

| क.स. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|

| | | |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

पुनस्च - कृषक समुह/सहकारीहरुले आवेदन पेस गर्दा कुन कार्यक्रम कुन सदश्यको लागी हो अनिवार्य कार्यक्रम र कृषक पिच्छे अलग अलग फारम भरी सम्बन्धीत कृषकहरुको नागरिकता समेत समावेस गरी एकमुष्ठ निवेदन सम्बन्धित सस्था बाट पेष गर्नु पर्ने छ ।

<table>
<tr><td colspan="2">१. प्रस्तावित कार्यक्रमको नाम :</td></tr>
<tr><td>२. प्रस्तावक/निबेदकको नाम :</td><td>३. ठेगाना :</td></tr>
<tr><td>४. खेती गरेको क्षेत्रफल : ४.१ .खेती बिस्तार लक्ष्य :</td><td>५. परियोजना स्थल :</td></tr>
<tr><td colspan="2">६. सम्बन्धि तालिम लिएको भए :</td></tr>
<tr><td>क. तालिम लिएको वर्ष :</td><td>ख. अवधि .................. देखी .............................. सम्म</td></tr>
<tr><td colspan="2">ग. तालिम प्रदान गर्ने संस्था :</td></tr>
</table>

७. हाल भौतिक पूर्वधार(समुह सहकारी ले फारम भर्दा कृषक नै पिच्छे अलग अलग भर्नु पर्ने छ)

| भौतिक पर्वधार | छ | .छैन | कैफियत |
|---|---|---|---|
| सिचाई सुबिधा | | | |
| नयाँ प्रबधि प्रयोग (टनेल निर्माण, थोपासिंचाइ जडान, मल्चीङ, प्लाष्टीक पोखरी तथा अन्य भए कैफिएतमा खुलाउने) | | | |
| कम्पोष्ट खाडल/भर्मिक बेड/भकारो सुधार/पिसाव संकलन | | | |
| अन्य कृयाकलाप भए (च्याउ घर, मौरी घार, नर्शरी घर) | | | |

| | | | |
|---|---|---|---|
| खेती योग्य जमिन क्षेत्रफल कठा | | | |
| हाल उत्पादित कृषिजन्य बस्तु को बिक्रि वितरण गर्ने गरेको छ भने कैफियतमा खुलाउनुहोला | | | |

९. अन्य सुविधा र विकास

| विवरण | संख्या | कैफियत |
|---|---|---|
| गाईबस्तु | | |
| भवनहरु :कार्यालय र स्टोर आदि | | |
| कृषि औजार उपकरण | | |

कृषि तथा सहकारी शाखामा माग गरेका कार्यक्रमको विवरण

| विवरण | माग परिणाम | प्रति परिणाम अनुमानित लागत रकम | जम्मा अनुमानित लागत रकम | केरावारी गाँउपालिकाले ब्यहोर्ने लागत साझेदारी रकम | उपभोक्ता ले ब्यहोर्ने लागत साझेदारी रकम |
|---|---|---|---|---|---|
| | | | | | |

भावी योजना

| क्र.स. | कामको विवरण⁄ योजना | कैफियत |
|---|---|---|
| | | |

निबेदकको नाम :                                   छाप

ठेगाना :

सहि :

मेबाईल नं.

## अनुसूची ३

## सिंचाई साझेदारी कार्यक्रम सम्बन्धी सम्झौता पत्र (नमूना)

१. यो सम्झौता पत्र सहकारी संस्था/जल उपभोक्ता संस्था/कृषक समूह र कृषि विकास शाखा बीच साना सिंचाई योजना कार्यान्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ।

२. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ।

३. उपभोक्ता समहूहरुले सम्झौता भएको मितिले १५ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ।

४. यस साना सिंचाई योजनाको निर्माण कार्य उपभोक्ता समूह आफैले गर्नुपर्नेछ। आफैले नगरी दोश्रो व्यक्ति वा संस्थालाई ठेक्कापट्टा दिई गराउन पाइने छैन।

५ कृषि विकास शाखाले उपभोक्ता समूहलाई इष्टिमेट अनुसारकोकार्य सञ्चालन गर्न आयोजनाको प्रकृति अनुसार वढीमा तीन किस्तामा रकम उपलव्ध गराउने छ। पहिलोमा .......... प्रतिशत, दोश्रोमा ............. प्रतिशत र अन्तिममा .............. प्रतिशतले उपलव्ध गराउने छ।

६. प्रथम किस्ता स्वरुप रकम प्राप्त गर्न सम्बन्धित उपभोक्ता समूहले कम्तिमा १५ प्रतिशतसम्मको प्रारम्भिक कार्य पुरा गरेको हुनु पर्नेछ।

७. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकवाट कामको मूल्यांकनको आधारमा रकम भुक्तानी गरिनेछ।

८. उपभोक्ता समूहले यसै योजनाको लागि आफ्नै समूहकोश्रोत वाहेक कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा कृषि विकास शाखालाई जानकारी गराउनु पर्नेछ।

९. उपभोक्ता समूहले काम गर्दा कृषि विकास शाखावाट खटिएका प्राविधिकहरुले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ।

१० अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा सुपरभिजन गरी फाइनल विल तयार गर्ने प्राविधिकवाट कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समूहको वैठकवाट निर्णय गराई कृषि विकास शाखामा प्राप्त भएको सात दिन भित्र सम्बन्धित समूहको नाउमा बैंक चेक मार्फत भुक्तानी दिइनेछ।

११. यस योजनाको निर्माण कार्य सोही आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ।

१२. उपभोक्ता समूहको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानी नाक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी उपभोक्ता समूहको हुनेछ।

१३. उपभोक्ता समहूले निर्माण कार्यको सार्वजनिक जानकारी (Public Auditing)गराउनुपर्नेछ।

१४. सम्झौता भएको मिति देखि .......... दिन भित्र यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।

१५. आयोजना सम्पन्न भई हस्तान्तरण भैसकेपछि सो को मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित उपभोक्ता समूहको हुनेछ।

१६. निर्माण कार्य अथवा यस सम्बन्धी कुनै विवाद आएमा आर्थिक विकास समितिको निर्णय नै अन्तिम मानिनेछ

१७. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुने

| | | |
|---|---|---|
| ................................ | .............................. | ........................... |
| अध्यक्ष/प्रतिनिधि प्रमुख | कार्यक्रम संयोजक | कार्यलय प्रमुख |
| नामः | नाम : | नाम : |
| उपभोक्ता समूहको नाम : | कार्यलय : | कार्यलय : |

संस्थाको छाप :

सर्म्पक नं.

साक्षी

आज्ञाले,

पुन्य प्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत